नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

☎ ५०१०१११,

# प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र

हरिहरभवन, ललितपुर

प्रथम पटक प्रकाशित मितिः २०८१/०७/०९

## प्रशिक्षक तथा प्रश्नपत्र तयारीकर्ताहरुको रोष्टर तय गर्ने प्रयोजनार्थ आव्हान गरिएको सूचना

प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रबाट संचालन हुने जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्गको इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा जीवनाशक विषादी व्यवस्थापन नियमावली ,२०८१ को नियम ११ को उपनियम (१) को खण्ड (ग), नियम १२ र नियम १३ को उपनियम (१) को खण्ड (ङ) मा तोकिएबमोजिमका तालिमको लागि प्रशिक्षकको आवश्यक परेकोले देहाय बमोजिमको योग्यता भएका इच्छुक विषय विज्ञले आफ्नो व्यक्तिगत विवरण र योग्यता पुष्टाई गर्ने अन्य आवश्यक कागजातहरु समेत संलग्न गरी यस केन्द्रको इमेल ठेगाना info@npponepal.gov.np मा 'Roster' विषय उल्लेख गरी पठाउनुहुन यो सूचना जारी गरिएको छ।

देहाय बमोजिम

तालिमको प्रशिक्षकको योग्यता सम्बन्धी व्यवस्थाः जीवनाशक विषादी व्यवस्थापन नियमावली,२०८१ को नियम ११को उपनियम (१) को खण्ड (ग), नियम १२ र नियम १३ को उपनियम (१) को खण्ड (ङ) मा तोकिएबमोजिमका तालिमहरुको प्रशिक्षकको योग्यता देहाय बमोजिम हुनेछः

- जीवनाशक विषादी निरीक्षकको तालिम प्राप्त गरी जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा कार्य अनुभव गरेको,
- विषय विज्ञको हकमा अध्यापन, अनुसन्धानको क्षेत्रमा काम गरिरहेको,
- नेपाल सरकारको निजामती सेवामा रही जीवनाशक विषादी व्यवस्थापन क्षेत्रमा कम्तीमा उपसचिव स्तरमा कार्यरत वा सो सम्बन्धी काम गरी सेवा निवृत्त तथा सो सम्बन्धी विज्ञता हाँसिल गरेको वा अध्यापन वा अनुसन्धानमा संलग्न भई कम्तीमा उप-प्राध्यापक वा वैज्ञानिक तहमा कार्य गरेको,
- तालिम पाठ्यक्रमको विषयहरुको कक्षा सञ्चालनका लागि उक्त विषयमा नेपाल सरकारका निकायमा कार्य गरेको वा सो विषयगत क्षेत्रमा दक्षता रहेको प्रमाण भएको ।

भोजराज सापकोटा

प्रमुख